# कालिमाटी गाउँपालिका गाउँ

# स्थानीय राजपत्र

रामपुर सल्यान

अध्यक्ष रोजगार कार्यविधि २०७७

स्वीकृत मिति २०७७/०८/२०

प्रत्येक नागरिकलाई रोजगारको हक सुनिश्चित गर्न आफ्नो क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त अवस्था तथा बेरोजगार सहायता सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले कालिमाटी गाउँपालिकामा सूचिकृत बेरोजगार ब्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चत गर्न एंव सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन अध्यक्ष रोजगार कार्यक्रम संचालन कार्यविधि २०७७ अनुसार गाउँपालिकाले यो कार्यविधि तर्जुमा गरी लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ क) यो कार्यविधिको नाम अध्यक्ष रोजगार कार्यविधि २०७७ रहनेछ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. परिवार भन्नाले एकासगोलमा बस्ने पति पत्नी अविवाहिता छोरा छोरी अविवाहिता धर्मपुत्र धर्मपुत्री बाबु आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले निज आफैले पालन पोषण गर्नुपर्ने हजुरबुबा र हजुरआमालाई समेत जनाउँछ ।

ख. बेरोजगार ब्यक्ति भन्नाले एक आर्थिक वर्षमा न्यूनतम एक सय दिन रोजगारमा संलग्न नभएको वा कम्तीमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको अठार वर्ष देखि साठी वर्ष उमेर समूहको नागरिक सम्झनुपर्छ ।

ग. स्वरोजगार भन्नाले आफ्नो श्रम सीप ज्ञान श्रोत साधन र पूँजीको परिचालन गरी कुनै बस्तु वा सेवाको उत्पादन त्यस्तो वस्तु वा सेवाको व्यापार वा कुनै उद्योग वा व्यापार व्यवसाय संचालन वा त्यस्तै कुनै उद्यम वा आय आर्जन गर्ने कार्य सम्झनुर्छ ।

घ. स्थानीय तह भन्नाले कालिमाटी गाउँपालिका सम्झनुप र्छ ।

## परिच्छेद -२
## रोजगारको अधिकार

३. रोजगारको अधिकार : क) प्रत्येक नागरिकलाई रोजगारी पाउने अधिकार हुनेछ । ख) प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधिनमा रही उचित श्रम अभ्यासको अधिकार हुनेछ ।

४. रोजगारी छनौट गर्ने अधिकार : क) प्रत्येक नागरिकलाई आफूले चाहेको रोजगारी छनौट गर्न पाउने अधिकार हुनेछ । ख) प्रत्येक नागरिकलाई यो कार्यविध र प्रचलित कानूनको अधीनमा रही योग्यता र क्षमता अनुसार स्वच्छाले रोजगार गर्न पाउने र त्यस्तो रोजगारी छोड्न वा परिवर्तन गर्न पाउने अधिकार हुनेछ । ग) कसैले पनि कुनै नागरिकलाई निजको इच्छा विपरीत वा निजले नचाहेको रोजगारी गर्न वा त्यस्तो रोजगारीमा लगाउन वा जवरस्ती गर्न वा बाध्य बनाउन हुँदैन ।

५. भेदभाव गर्न नहुने : कसैले पनि बेरोजगार व्यक्तिलाई रोजगार दिने सम्बन्धमा प्रचलित कानूनले कुनै खास वर्ग वा समुदायको लागि विशेष व्यवस्था गरेको अवस्थामा बाहेक त्यस्तो व्यक्तिको उत्पत्ति धर्म वर्ण जातजाति लिङ्ग भाषा क्षेत्र वैचारिक आस्था वा यस्तै कुनै आधारमा भेदभाव गर्न हुँदैन ।

## परिच्छेद – ३
## आयोजनाका संचालन क्षेत्र

६. यस कार्यविधि अनुरुप संचालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुभित्र पर्ने आयोजना मात्र छनौट गर्नुपर्ने छ ।

क. सडक निर्माँण तथा मर्मत सम्भार

- कालिमाटी गाउँपालिका भित्रका बस्ती स्वास्थ्यचौकी विद्यालय आर्थिक केन्द्र था पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँगाउँ बस्तीबस्ती जोडन सडकको निर्माण तथा मर्मत सम्भार

ख. कृषि तथा सिचाई

- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार

- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण था विक्री वितणका लागि आवश्यक पर्ने भण्डार गृह शीत भण्डार हाट बजार र तरकी तथा फलफूल संकलन तथा विक्री केन्द्रको निर्माण तथ मर्मत सम्भार

ग. वन तथा जलाधार

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण

घ. शिक्षा

- सरकारी विद्यालय भवन सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय खानेपानीको धारा खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

ङ. नदी तथा तटबन्ध

- नदी, खोलानाला पोखरी कटान क्षेत्र मर्मत सम्भार तथा निर्माण

## परिच्छेद ४
## आयोजना छनौट प्रक्रिया

७. वडाले देहायका प्रकृतिका आयोजना पहिचान गरी सिफारिस गर्नुपर्नेछ

१. गरिबी तथा जोखिममा रहेका विपन्न समुदायलाई प्रत्यक्ष रुपमा लाभ दिने
२. उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने

३. बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने
४. स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने
५. वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुऱ्याउने ।
६. आयोजनाको कार्यान्वयनमा श्रममूलक प्रविधिको मात्र प्रयोग हुने गरी आयोजनाको प्रस्ताव गर्नु पर्नेछ । लोडर एक्साभेटर रोलर डोजर ग्रेडर विटुमिन डिस्ट्रीव्युटर विटुमिन व्वाइलर जस्ता हेभि मेसिनहरु प्रयोग गर्ने गरी आयोजना प्रस्ताव गर्ने पाइने छैन ।साथै माथि जुनसुकै कुरा लेखिएता पनि आयोजनाको जटिल कामको प्रकृति हेरी प्राविधिकको सिफारिसमा मेसिनहरु प्रयोग गर्न सकिनेछ ।

## परिच्छेद – ४
## आयोजना कार्यान्वयन प्रक्रिया

८. बेरोजगार व्यक्तिलाई रोजगारीमा खटाउने – कालिमाटी गाउँपालिकाले सूचीकृत बेरोजगार व्यक्तिहरुलाई अवसरमा एक व्यक्तिलाई एक सय रोजगारी प्रदान गर्ने गरी आवश्यक संख्याका आधारमा बेरोजगार व्यक्तिको सूचीको प्राथमिकताक्रम अनुसार क्रमश खटाउनु पर्नेछ ।
९. बैंक खाता संचालन सम्बन्धमा – अध्यक्ष रोजगार कार्यक्रममा समावेश ब्यक्तिले अनिवार्य आफ्नो नाममा खाता संचालन गर्नुपर्ने छ ।
१०. आयोजना स्थल – यस कार्यक्रम अन्तर्गत एक वा एकभन्दा बढी आयोजना वडाभित्र संचालन गर्न सकिनेछ ।

११.निर्माण सामग्री खरिद – आयोजना संचालन गर्दा आवश्यक पर्ने निर्माण सामाग्रीहरु स्वीकृत लागत अनुमान अनुसार गाउँपालिकाले खरिद गर्नुपर्ने छ।

१२.प्राविधिकले लागत अनुमान तयार गर्दा आयोजनाको कुल अनुमानित लागत र आयोजनाको कामको प्रकृति अनुसार श्रमिकको ज्यालामा भुक्तानि गरिने छ साथै बाँकी रकम स्वीकृत लागत अनुमान अनुसार गाउँपालिकाले निर्माण सामाग्री खरिद गर्नुपर्ने छ ।

१३.अध्यक्ष रोजगार कार्याक्रम संचालन हुँदा संघीय सरकार, प्रदेश सरकार विभिन्न संघ सस्था तथा अन्य सरोकारवाला निकायहरुसँग सरसल्लाह गरी साझेदारीमा आयोजनाका कामहरु शुभारम्भ गरिनेछ ।

१४.निर्देशन तथा समन्वय समिति

गाउँपालिका अध्यक्ष – संयोजक
गाउँपालिका उपाध्यक्ष – सदस्य
प्रमुख प्रशासकीय अधिकृत – सदस्य
सम्बन्धित वडाका वडा अध्यक्ष – सदस्य
योजना शाखा - सदस्य-सचिव

- स्थानीय तहभित्र संचालन भएका रोजगार आयोजनाहरुको अनुगमन समन्वय र सहजीकरणको जिम्मेवारी सम्बन्धित निर्देशन तथा समन्वय समितिको हुनेछ ।
- आयोजनाको नियमित प्राविधिक सुपरिपेक्षण र अनुगमन गाउँपालिकाले तोकेको प्राविधिक कर्मचारीले गर्नुपर्नेछ ।

१५.समितिको बैठक :- समितिको बैठक गाउँपालिका अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ । श्रमिकको प्रतिनिधित्व

हुने गरी कम्तीमा एक जना महिला सहित दुई जनालाई समितिको बैठकमा आमन्त्रण गरिने छ । अध्यक्ष रोजगार सम्बन्धि आवश्यक नीति र कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१६.समितिको काम कर्तव्य र अधिकार : समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । क. श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्ने । ख. बरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति तयार पार्ने । ग. बेरोजगार व्यक्तिलाई गाउँपालिकाको तर्फबाट उपलब्ध गराइने बेरोजगार सहायता सम्बन्धि नीति तथा कार्यक्रम तयार गर्ने । घ. कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गर्ने ।

१७.निवेदन दिनुपर्ने – यस कार्यविधि बमोजिम न्यूनत्तम रोजगारमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले आफूसँग भएको सीप योग्यता वा क्षमता उल्लेख गरी तोकिए बमोजिमको अवधिभित्र तोकिए बमोजिमको अनुसूचि १ को ढाँचामा सम्बन्धित विवरण सहित निवेदन दिन सक्नेछ । अनुसूचि १ को निवेदन बमोजिम प्राप्त निवेदन उपर निर्देशन तथा समन्वय समितिमा आवश्यक जाँचबुझ गरी वास्तविक बेरोजगार व्यक्तिको सूची तयार गरी अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।

अनुसूची – १

बेरोजगार दर्ताका लागि दिने निवेदन

मिति

श्री ...........नं. वडा कार्यालय

कालिमाटी गाउँपालिका सल्यान जिल्ला ।

अध्यक्ष रोजगार कार्यविधि २०७७ गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएकोले कालिमाटी गाउँपालिका अध्यक्ष रोजगार कार्यक्रममा संलग्न हुन ईच्छुक भएकोले देहाय बमोजिमको विवरण सहित रोजगारी पाउनको लागि अनुरोध गर्दै यो निवेदन पेश गरेको छु ।

१. नाम थर :

२. स्थायी ठेगाना :......... कालिमाटी गाउँपालिका वडा नं. ........

३. अस्थायी ठेगाना :................न पा/ गा पा वडा न . .............

४. नागरिकता नं. राष्ट्रिय परिचयपत्र नं. र जारी भएको जिल्ला........

५. परिवारको सदस्य संख्या र रोजगारीको अवस्था (निवेदक सहित)

| नाम | निवेदकसँगको नाता | जन्म मिति | योग्यता | सीप | रोजगारीको अवस्था | कार्य अनुभव |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

६. वार्षिक पारिवारिक आय : रु ...................अक्षरुपी................

७. शैक्षिक योग्यता :

८. आफूले हासिल गरेको सीप तालिमको विवरण..................

९. कामको अनुभव :

१०.काम गर्न चाहेको क्षेत्र

११.काममा खटिन चाहेको सम्भावित समय............देखि............

१२.काम गर्न चाहेको ठाउँ...................

उपरोक्त बमोजिमको विवरण साँचो हो झुठा ठहरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउला भनी सहिछाप गर्ने ।

निवेदकको सही मिति -

आज्ञाले
हिरी बहादुर खत्री
प्रमुख प्रशासकीय अधिकृत